"कृषि, पर्यापर्यटन र पूर्वाधार, रुद्राक्षको राजधानी समृद्ध नगर"
# षडानन्द नगरपालिका
SHADANANDA MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दिङ्ला, भोजपुर, कोशी प्रदेश, नेपाल
Dingla, Bhojpur, Koshi Province, Nepal

फोन नं. ०२९ ४२११२४
४२११२५
टोल फ्रि नं. १६६०२९४२००१

प.सं.: २०८२/०८३
Letter No.:
च.नं :
Dispatch No.:

## वहालविटौरी (सनिवारे हाटवजार ) कर संकलन गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सार्वजनिक सूचना !!!

(दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/१३)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ तथा सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ तथा नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा ११ अनुसूची - ९ मा भएको व्यवस्था अनुसार नगरपालिका क्षेत्र अन्तर्गत रहेको दिङला वजार स्थित वडा नं.४ को सनिवारेहाटवजार कर संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले, तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नियम अनुसार शिलबन्दी दरभाउपत्र मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको विवरण | ठेक्काको क्षेत्र | कर संकलन गर्ने अवधी | न्युनतम बोल कबोल रकम – (मु.अ.कर र आय कर बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| ष.न.पा.१ (२०८२/८३) | षडानन्द नगरपालिका दिङ्ला वडा नं.४ मा रहेको सनिवारे हाट र ठुलो मेला आय संकलन | षडानन्द नगरपालिका दिङ्ला वडा नं.४ | सम्झौता भएको मिति देखि आर्थिक वर्ष २०८३ साल असार को अन्तिम शनिवार सम्म | रु.१०००००।– (अक्षरेपी एक लाख मात्र) | रु.१००० ।- |

**<u>शर्त तथा बन्देजहरु</u> :-**

१. ईच्छुक योग्य दरभाउपत्र दाताहरुले यस कार्यालयमा वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक दिङ्ला शाखामा रहेको राजश्व खाता नं. ग-१-१ २२९०१००३०१०१०००२ (राजश्व शिर्षक १४२२९) मा दरभाउपत्र दस्तुर बापत जम्मा गरेको भौचर साथै फम वालाभए फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गर्नु पर्ने छ र व्यक्तिको हकमा व्यक्तिगत प्यान नं. र नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यलयवाट दरभाउपत्र खरिद तथा पेश गर्न सकिने छ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिनको ठिक १२:०० बजे सम्म पेश गर्नु पर्नेछ र सोही दिनको ठिक २:०० बजे फर्महरूको प्रतिनिधि सहित कार्यालयमा खोलिने छ तर सो दिन विदा परेमा सोको भोलिपल्ट फर्मको प्रतिनिधी वा फर्मवालाको उपस्थितिमा खोलिने छ तर फर्मवाला उपस्थिति हुन नसकेमा दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

३. दरभाउपत्र फारममा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दर रेटको अंक र अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

४. वहालविटौरी कर संकलन गर्दा तोकिएको दररेट मा मात्र संकलन गर्नुपर्ने छ। सो दररेट नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची ९ मा व्यवस्था भए बमोजिम हुनेछ ।

५. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार षडानन्द नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।

६. नेपाल सरकार, कोशि प्रदेश सरकार र यस नगरपालिकाले दिएको निर्देशन दरभाउपत्रदाताले पालना गर्नुपर्ने छ ।

७. ठेकेदारले कबोल गरेको रकम तिन किस्तामा (पहिलो किस्ता २० प्रतिशत मू.अ.कर सहित सम्झौता गर्दाको बखत, दोस्रो किस्ता पौष मसान्त भित्र ४० प्रतिशत र बाँकी जेष्ठ मसान्त भित्र ४० प्रतिशत ) कर बुझाउनु पर्नेछ ।

८. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा कार्यालय र ठेकेदारबीच कुनै विवाद भएमा कार्यालयको निर्णय अन्तिम हुने छ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

९. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । ठेक्का अवधिमा कारण जनाइ वा नजनाइ कुनै किसिमको छुट, माफी, मिनहा माग्न पाइने छैन ।

१०. वडाले तोकेको स्थानहरुबाट मात्र हाटबजार कर संकलन गर्नु पर्नेछ ।

११. यो ठेक्काको अवधि २०८३ आसार मसान्तसम्म रहनेछ ।

१२. हाटबजारको दिन उत्सर्जन भएको फोहोरलाई संकलन गरि नगरपालिकाले तोकीएको स्थानमा व्यवस्थित गर्नु पर्ने छ ।

१३. ठेक्का लिने व्यक्ति वा फमले कर संकलनका लागि आवश्यक पर्ने रसिद आफौ छपाई गरि नगरबाट प्रमाणित गरेर मात्र प्रयोग गर्नु पर्ने छ।

१४. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

षडानन्द नगरपालिकाको कार्यालय
दिङ्ला भोजपुर।
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner